# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७८।०७।२९ गते।

## प्रेस विज्ञप्ति

**विषयः** सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीज्यू समक्ष अख्तियार दुरुपयोग अनुसन्धान आयोगको एकतीसौं बार्षिक प्रतिवेदन (आर्थिक वर्ष २०७७/७८) पेश गरेको सम्बन्धमा।

१. सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीज्यू समक्ष अख्तियार दुरुपयोग अनुसन्धान आयोगका माननीय प्रमुख आयुक्त प्रेम कुमार राईले आज मिति २०७८ साल कार्तिक २९ गते नेपालको संविधानको धारा २९४ बमोजिम आयोगको एकतीसौं बार्षिक प्रतिवेदन (आर्थिक वर्ष २०७७/७८) राष्ट्रपतिको कार्यालय, महाराजगञ्जमा आयोजित विशेष समारोहकाबीच पेश गर्नुभयो।

२. सम्माननीय राष्ट्रपतिज्यूले आयोगको एकतीसौं बार्षिक प्रतिवेदन ग्रहण गर्नुहुँदै संवैधानिक दायित्वअनुरुप कार्यसम्पादन गरी बार्षिक प्रतिवेदन पेश गरेकोमा आयोगलाई धन्यवाद दिनुभयो। सुशासन कायम गर्न उच्च मनोवल र नैतिकताका साथ अघि बढ्नुपर्ने औंल्याउँदै सम्माननीय राष्ट्रपतिज्यूले यस अभियानमा सबैको साथ रहनुपर्ने बताउनुभयो। स्वच्छ छविका साथ सार्वजनिक पदाधिकारीले आफ्नो काम कर्तव्य र जिम्मेवारी पूरा गर्न आवश्यक रहेको तथा सार्वजनिक अधिकार प्राप्त सबै अधिकारीवाट उच्च नैतिकता प्रदर्शन गर्नुपर्ने कुरामा जोड दिंदै भ्रष्टाचार निवारण गर्न आयोगले प्रभावकारिताका साथ काम गर्नुपर्ने विचार समेत व्यक्त गर्नुभयो। उक्त अवसरमा सम्माननीय राष्ट्रपतिज्यूले भ्रष्टाचार भएको ठाँउमा मात्र कारवाही गर्ने नभई भ्रष्टाचार हुनै नदिन ध्यान दिन आवश्यक रहेको कुरामा जोड दिंदै एउटा अंगले चाहेर मात्र भ्रष्टाचार अन्त्य गर्न संभव नरहेको भन्दै सबै पक्षको सहभागितामा भ्रष्टाचार र अनियमितता अन्त्य गर्न सकिने कुरा समेत बताउनुभयो।सुशासन प्रवर्द्धन र भ्रष्टाचार नियन्त्रणका लागि प्राप्त संवैधानिक जिम्मेवारी आयोगले प्रभावकारी रुपमा कार्यान्वयन गर्दै गएको बताउँदै सम्माननीय राष्ट्रपतिज्यूले आगामी दिनमा आयोगले सबै निकायसँगको समन्वय र सहकार्यमामा भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन गर्दै जाने विश्वास समेत व्यक्त गर्नुभयो।

३. आयोगको एकतीसौं बार्षिक प्रतिवेदन पेश गर्नुहुँदै माननीय प्रमुख आयुक्त प्रेम कुमार राईले आर्थिक बर्ष २०७७/७८ मा आयोगले सम्पादन गरेका प्रमुख कामकारबाहीहरुको संक्षिप्त विवरण सारांशको रुपमा प्रस्तुति गर्दै आयोगलाई थप सुदृढ, उत्तरदायी र जिम्मेवारपूर्ण ढंगले क्रियाशील बनाउन एवम् संविधान र कानुनले तोकेको जिम्मेवारीलाई पूर्ण सक्षमताका साथ पूरा गर्न आयोगको संस्थागत रणनीतिक योजना २०७६/७७-२०८०/८१ को प्रभावकारी कार्यान्वयन गर्ने र सो बमोजिमका चारवटै रणनीतिमा केन्द्रित रही नवीनतम् विधि र

प्रविधिहरू अवलम्बन गरी कामकारबाहीहरू अघि बढाउने गरी आगामी कार्यदिशा तय गरिएको बताउनुभयो। कार्यक्रममा बोल्दै माननीय प्रमुख आयुक्तज्यूले संवैधानिक जिम्मेवारी र भ्रष्टाचार नियन्त्रण गरी सुशासन प्रवर्द्धन गर्ने कामप्रति आयोग प्रतिबद्धरही सक्षम, निष्पक्ष र निर्भिकताकासाथ कार्यसम्पादन गर्न प्रतिवद्ध रहेको कुरा बताउनुभयो।साथै भ्रष्टाचार नियन्त्रण गरी मुलुकमा सुशासन प्रवर्द्धन गर्ने पवित्र कार्यमा सरकारी,गैरसरकारी तथा निजी क्षेत्र,सञ्चारकर्मी,नागरिक समाज, अन्तर्राष्ट्रिय जगत एवं आम नागरिकबाटप्राप्त साथ र सहयोगको लागि धन्यबाद ज्ञापन गर्दै आगामी दिनमा समेत सहयोग, समन्वय र सहकार्यको अपेक्षा आयोगले गरेको बताउँदै आयोगको वार्षिक प्रतिवेदन पेस गर्ने कार्यक्रममार्फत आयोगलाई सुझाव तथा मार्गदर्शन प्रदान गरी हौसला बढाइ दिनुभएकोमा सम्माननीय राष्ट्रपतिज्यूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्नुभयो।

४. आयोगको एकतीसौं बार्षिक प्रतिवेदन पेश गर्ने समारोहमा आयोगका आयुक्तहरु माननीय किशोर कुमार सिलवाल, माननीय जय बहादुर चन्द, माननीय डा. हरी पौडेल, माननीय डा. सुमित्रा श्रेष्ठ अमात्य, आयोगका सचिव, महाशाखा प्रमुख र कर्मचारीहरुका साथै राष्ट्रपतिको कार्यालयका सचिव तथा कर्मचारीहरुको समेत उपस्थिति रहेको थियो।
५. आयोगले पेश गरेको ८ परिच्छेद् संलग्न २८७ पृष्ठको प्रतिवेदनमा आयोगको परिचय, आयोगवाट भएका निर्णय, अनुसन्धान र अभियोजनसम्बन्धी कार्यको विश्लेषण, भ्रष्टाचार नियन्त्रणका निरोधात्मक र प्रवर्द्धनात्मक कार्यहरु, संस्थागत सुदृढीकरणमा आयोगको क्रियाशीलता, भ्रष्टाचारजन्य कार्यहरुको प्रवृत्ति विश्लेषण, भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्न आयोगवाट नेपाल सरकारका तीनवटै तहहरुलाई दिइएका सुझावहरु, आयोगको रणनीति र आगामी कार्यदिशा तथा उपसंहार लगायतका विषयहरु समावेश रहेका छन्।
६. प्रस्तुत बार्षिक प्रतिवेदन आजैका दिन आयोगका प्रदेशस्थित कार्यालयहरु मार्फत सात वटै माननीय प्रदेश प्रमुखज्यूहरु समक्ष समेत पेश गरिएको छ।

**प्रतिवेदनमा उल्लिखित मूल बिषयहरु देहायबमोजिम रहेका छन्:**

१. आर्थिक वर्ष २०७७/०७८ मा आयोगको केन्द्रीय कार्यालय, टंगाल र मातहतका कार्यालयहरूमा गरी जम्मा १४,४२५ उजुरीहरू विभिन्न माध्यमबाट प्राप्त भएका थिए।यसका साथै अघिल्लो आर्थिक वर्षबाट जिम्मेवारी सरेर आएका ८,२०० उजुरीहरू समेत गरेर कारबाही गर्नुपर्ने जम्मा उजुरीको संख्या २२,६२५ रहेको थियो ।
२. यस अवधिमा कुल २२,६२५ उजुरीमध्ये १४,५३२ उजुरी अर्थात ६४.२३ प्रतिशत उजुरी प्रारम्भिक छानबिनबाट फछ्र्यौट भएका छन् ।
३. प्रारम्भिक छानबिनबाट फछ्र्यौट भएका उजुरीहरु मध्ये ५१० वटा उजुरीउपर विस्तृत अनुसन्धान गर्ने निर्णय गरिएको, ८,२६७ उजुरी तामेली गरिएको, ८५० उजुरीउपर सुझाव दिई तामेली गरिएको र ४,९०५ उजुरीउपर कानुनबमोजिम अन्य आवश्यक कारबाही गरिएको छ।
४. प्रारम्भिक छानबिनको क्रममा रहेका ८,०९३ उजुरी आर्थिक वर्ष २०७८/०७९ मा जिम्मेवारी सरेर आएका छन्।

५. उजुरीहरूको संख्या हेर्दा सबैभन्दा बढी संङ्घीय मामिला (स्थानीय तह समेत) सँग सम्बन्धित ३२.७२ प्रतिशत उजुरी रहेका छन् भने त्यसपछि क्रमशः शिक्षा क्षेत्रअन्तर्गत (स्थानीय तहसमेत) १५.६१ प्रतिशत, भूमि प्रशासनसँग सम्वन्धित ९.०९ प्रतिशत, वन तथा वातावरण क्षेत्रअन्तर्गत ५.०१ प्रतिशत, स्वास्थ्य तथा जनसंख्यासँग सम्वन्धित ३.९३ प्रतिशत, भौतिक पूर्वाधार तथा यातायातसँग सम्वन्धित ३.७६ प्रतिशत, गृह प्रशासनसँग सम्वन्धित ३.४७ प्रतिशत, ऊर्जा, जलस्रोत तथा सिंचाइ क्षेत्रअन्तर्गत ३.०९ प्रतिशत र अर्थमन्त्रालयसँग सम्वन्धित २.०९ प्रतिशत उजुरी रहेका छन् । त्यस्तै, नक्कली शैक्षिक प्रमाण-पत्रतर्फ ५.६१ प्रतिशत, गैरकानुनी सम्पत्ति आर्जनतर्फ ३.३८ प्रतिशत र अन्य निकाय/क्षेत्रअन्तर्गत १२.२५ प्रतिशत उजुरीहरू रहेका छन् ।

६. आर्थिक वर्ष २०७७/०७८ मा आयोगका जम्मा ९६ वटा बैठक बसी ६५३ वटा निर्णय भएका छन्।

७. आर्थिक वर्ष २०७७/०७८ मा आयोगबाट ११४ वटा आरोपपत्र विशेष अदालतमा दर्ता गर्ने निर्णय भएका छन्। जसमध्ये घुस/रिसवतसँग सम्बन्धित ७० वटा, सार्वजनिक सम्पत्तिको हानि नोक्सानीसँग सम्बन्धित २० वटा, गैरकानुनी लाभहानिसँग सम्बन्धित १२ वटा तथा गैरकानुनी सम्पत्ति आर्जन/नक्कली शैक्षिक प्रमाण-पत्र/राजस्व हिनामिना/विविध विषयसँग सम्बन्धित ३/३ वटा मुद्दा रहेका छन्।

८. उल्लिखित आरोपपत्रहरूबाट कुल ४४३ जनालाई प्रतिवादी बनाईएक अर्ब, उनान्नब्बे करोड, सत्चालिस लाख, पैंतीस हजार, चार सय चौंतिस रुपैयाँ (रु. १,८९,४७,३५,४३४) बिगो मागदाबी लिइएको छ।

९. प्रतिवेदन अवधिमा विस्तृत अनुसन्धान भएका उजुरीहरूमध्ये आयोगको निर्णय अनुसार सम्बद्ध निकायहरूलाई सुझाव दिइएको संख्या ८८, तामेली गरिएको उजुरीको संख्या २६४ र मुल्तबीमा राखिएका उजुरीको संख्या ५ रहेको छ।

१०. आर्थिक वर्ष २०७७/०७८ मा कोभिड-१९ को महामारीका कारण स्थलगत छानबिनदेखि बयान र सोधपुछलगायतका अनुसन्धानका अत्यावश्यक कार्यहरू प्रभावित रहेको थियो भने यसैअवधिमा आयोगका १२५ भन्दा बढी कर्मचारी संक्रमित समेत हुन पुगेका थिए।

११. भारत गएर प्रमाणीकरण गर्ने कार्य हुननसक्दा विगतका वर्षहरूको तुलनामा यस अवधिमा झुठ्ठा शैक्षिक योग्यताको प्रमाण-पत्रसम्बन्धी कसुरमा न्यून मात्रामा आरोपपत्र दायर गरिएको थियो। आर्थिक बर्ष २०७६/७७ मा ८५ वटा आरोपपत्र दायर भएकोमा आर्थिक वर्ष २०७७/७८ मा यो संख्या ३ रहेको थियो।

१२. सम्मानित सर्वोच्च अदालतले आयोग आफैले रकम उपलब्ध गराएर Sting Operation गरी संकलन गरेको प्रमाण ग्राह्य नहुने फैसला गरेसँगै घुस/रिसवतसम्बन्धी उजुरीहरूमा सेवाग्राहीबाट रकम उपलब्ध गराएको अवस्थामा मात्र आयोगले कारबाही गर्न थालेको छ।यो नयाँ व्यवस्थासँगै विगत वर्षहरूको तुलनामा आर्थिक वर्ष २०७७/०७८ मा घुसरिसवतसम्बन्धी कसुरमा दायर मुद्दा संख्यामा कमी आएको छ। आर्थिक बर्ष २०७६/७७ मा घुसरिसवतसम्बन्धी कसुरमा २०५ वटा आरोपपत्रहरु दायर भएकोमा आर्थिक बर्ष २०७७/७८ मा ७० वटा आरोपपत्रमात्र दायर भएको छ।

१३. आर्थिक बर्ष २०७७/७८ को अन्तिम चौमासिकमा मात्र आयोगले पूर्णता पाएको थियो। प्रतिवेदन अवधिमा आन्तरिक सुधारका कामहरूलाई प्राथमिकता दिइएको थियो।

१४. प्रतिवेदन अवधिमा आयोगको सुधारका कार्यहरू समावेश भएको अख्तियार दुरुपयोग अनुसन्धान आयोग सुधार कार्ययोजना, २०७७ स्वीकृत गरी सो अनुरूप सुधारका कार्यहरूलाई प्राथमिकताका साथ अगाडि बढाइएको छ। त्यस्तै अख्तियार दुरुपयोग अनुसन्धान आयोग कार्यविधि, २०७८ समेत लागू गरिएको छ। यसै गरी प्रारम्भिक छानबिनबाट आर्थिक वर्ष २०७६/७७ मा १६,९५२ उजुरी (६७.४%) फछ्र्यौट भएकोमा आर्थिक वर्ष २०७७/७८ मा १४,५३२ उजुरी (६४.२३%) फछ्र्यौट भएको छन्।

१५. आयोगबाट विगत वर्षहरूमा विशेष अदालतमा दायर भएका आरोपपत्रहरूमध्ये आर्थिक वर्ष २०७७/०७८ मा ११३ वटा मुद्दाहरूको फैसला प्राप्त भएको छ। जसमध्ये ८१ वटाअर्थात् ७१.६८% फैसलाहरूमा भ्रष्टाचारजन्य कसुर कायम भएको छ । विशेष अदालतबाट भएका फैसलाहरूमध्ये आर्थिक वर्ष २०७७/०७८ मा ५८ वटा फैसलाउपर पुनरावेदन गर्ने निर्णय गरिएको छ।

१६. आर्थिक वर्ष २०७७/०७८ मा आयोगमा परेका उजुरीहरू र आयोगले दायर गरेका आरोपपत्रहरूमा घुस/रिसवत लिने दिने, सार्वजनिक सम्पत्तिको हिनामिना, हानि नोक्सानी वा दुरुपयोग गर्ने, गैरकानुनीरूपमा सरकारी/सार्वजनिक जग्गा व्यक्ति विशेषको नाममा दर्ता गर्ने, सार्वजनिक खरिद तथा निर्माणका काम बदनियतपूर्वक गरी व्यक्तिगत लाभ लिने तथा नेपाल सरकारलाई हानि पुऱ्याउने, झुठा विवरण पेस गरी सरकारी नियुक्ति, बढुवा तथा लाभ लिने, गलत लिखत वा प्रतिवेदन बनाउने, कागजात सच्याउने, परीक्षाको गोपनीयता भंग गर्ने, परिणाम फेरबदल गर्ने, गैरकानुनीरूपमा सम्पत्ति आर्जन गर्ने, राजस्व चुहावट/हिनामिना गर्नेजस्ता भ्रष्टाचारका प्रवृत्तिहरू रहेको देखिन्छ ।

१७. भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन गर्नका लागि आयोगबाट सञ्चालन भएका प्रवर्द्धनात्मक कार्यक्रमहरूमध्ये विद्यालयहरूमा सञ्चालन गरिएका २५ वटा सामुदायिक शिक्षा कार्यक्रमहरूमा २,१७० जना विद्यार्थी तथा शिक्षकहरू र ४३ वटा अन्तरक्रिया कार्यक्रमहरूमा निर्वाचित/मनोनीत पदाधिकारी, राष्ट्रसेवक कर्मचारी, सरोकारवालालगायत २,९३४ जनाको सहभागिता रहेको थियो।

१८. त्यस्तै, आर्थिक वर्ष २०७७/०७८ मा आयोग र नेपाल टेलिभिजनको सहकार्यमा "सुशासन सवाल" विषयक टेलिभिजन कार्यक्रमको ५२ भाग साप्ताहिकरूपमा नेपाल टेलिभिजनबाट प्रसारण भई भ्रष्टाचार नियन्त्रण र सुशासनका सम्बन्धमा नागरिकको भूमिका र कर्तव्यका साथै आयोगबाट भए गरेका कामकारबाहीका सम्बन्धमा सूचना, जानकारी तथा सन्देश प्रवाह गरिएको छ ।

१९. विगतमा आयोगबाट नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह समेतलाई प्रदान गरिएका सुझावको कार्यान्वयनको अवस्थाको समीक्षा गरी आफ्नो वर्षभरिको कामकारबाहीको आधारमा भ्रष्टाचार नियन्त्रणलाई थप प्रभावकारी बनाउनको लागि आयोगले आफ्नो बार्षिक प्रतिवेदनमार्फत नेपाल सरकारका तीन वटै तहलाई नौवटा बिषय/क्षेत्रमा गरी ६० बुँदे सुझाव दिएको छ।

२०. सुझावहरु अन्तर्गत भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि (UNCAC) को कार्यान्वयनसम्बन्धी २, सुशासन र सदाचार प्रवर्द्धनसम्बन्धी ७, राजस्व चुहावट नियन्त्रणलगायत

सार्वजनिक वित्तीय क्षेत्रसम्बन्धी ४, सार्वजनिक सेवाप्रवाह र सेवाग्राही सरोकारका विषयसम्बन्धी ६, सार्वजनिक खरिद तथा आयोजना/कार्यक्रम व्यवस्थापनसम्बन्धी १८, कृषि, भूमि, वन तथा वातावरण संरक्षणसम्बन्धी ३, शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षासम्बन्धी ३, सञ्चार, सूचना प्रविधि र पर्यटनसम्बन्धी ११ र विविध विषयसम्बन्धी ६ गरी ६० बुँदाहरु समावेश गरिएका छन्।

२१. तीनै तहका सरकार र सम्बन्धित सार्वजनिक निकायहरूले प्रतिवेदनमार्फत दिइएका सुझावहरूको गम्भीरतापूर्वक सम्बोधन गरी भ्रष्टाचार नियन्त्रणमा सघाउ पुऱ्याउने विश्वास आयोगले लिएको छ ।

२२. आर्थिक वर्ष २०७७/०७८ मा आयोगले पूर्णता पाएसँगै उच्च मनोबलका साथ थप परिष्कृत, सुदृढ र सक्षम ढंगले कार्यसम्पादन गर्न तत्काल तथा क्रमश: गर्नुपर्ने सुधारका कार्यहरू समावेश भएको अख्तियार दुरुपयोग अनुसन्धान आयोग सुधार कार्ययोजना, २०७७ स्वीकृत गरी सो अनुरूप सुधारका कार्यहरूलाई प्राथमिकताका साथ अगाडि बढाइएको छ।

२३. आयोगलाई थप सुदृढ, उत्तरदायी र जिम्मेवारपूर्ण ढंगले क्रियाशील बनाउन एवम् संविधान र कानुनले तोकेको जिम्मेवारीलाई पूर्ण सक्षमताका साथ पूरा गर्न आयोगको संस्थागत रणनीतिक योजना २०७६/७७-२०८०/८१ को प्रभावकारी कार्यान्वयन गर्ने र सो बमोजिमका चारवटै रणनीतिमा केन्द्रित रही नवीनतम् विधि र प्रविधिहरू अवलम्बन गरी कामकारबाहीहरू अघि बढाउने गरी आगामी कार्यदिशा तय गरिएको छ ।

२४. संवैधानिक जिम्मेवारीअनुरुप भ्रष्टाचार नियन्त्रण गरी सुशासन प्रवर्द्धन गर्ने राज्यको नीति तथा प्राथमिकताप्रति प्रतिबद्ध रही सक्षम, निष्पक्षर निर्भिकताकासाथ कार्यसम्पादन गर्न आयोग प्रतिवद्ध रहेको छ।

२५. भ्रष्टाचार नियन्त्रण गरी मुलुकमा सुशासन प्रवर्द्धन गर्ने कार्यमा सरकारी,गैरसरकारी तथा निजी क्षेत्र,सञ्चारकर्मी,नागरिक समाज, अन्तर्राष्ट्रिय जगत एवं आम नागरिकबाट प्राप्त साथ र सहयोगको लागि धन्यबाद ज्ञापन गर्दै आगामी दिनमा समेत सहयोग, समन्वय र सहकार्यको अपेक्षा आयोगले गरेको छ।

**<u>नेपाल सरकारलाई दिइएका मुख्य-मुख्य सुझावहरुः</u>**

**भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि (UNCAC) को कार्यान्वयनसम्बन्धी**

- UNCAC महासन्धि कार्यान्वयनका लागि आगामी कार्यदिशा तय गर्न राष्ट्रिय रणनीति तथा कार्ययोजना, २०६९ लाई परिमार्जन गर्ने,
- भ्रष्टाचारको अनुसन्धान/अभियोजनमा पारस्परिक कानुनी सहायता आदानप्रदान गर्न भएका सम्झौताको मूल्यांकन गरी थप सुधार गर्ने,
- निजी क्षेत्रको भ्रष्टाचारलाई कानुनको दायरामा ल्याउने, विद्यालयस्तरमा सुशासन प्रवर्द्धनसम्बन्धी विषय समावेश गर्ने तथा राष्ट्रसेवक कर्मचारीका लागि पर्याप्त पारिश्रमिक/सुविधा उपलब्ध गराउने।

**सुशासन र सदाचार प्रवर्द्धनसम्बन्धी**

- उच्च पदस्थ व्यक्तिहरू तथा सार्वजनिक नेतृत्वमा रहनेले कार्यसम्पादन गर्दा सदाचारिता, अनुशासित र नैतिक आचरणयुक्त आदर्श नेतृत्व (Role Model) को रूपमा प्रस्तुत गर्नुपर्ने,

- नेपाल सरकार मन्त्रिपरिषद्‌बाट गरिने नीतिगत निर्णयको स्पष्ट व्याख्या गर्ने प्रचलन गर्नुपर्ने,
- विद्यमान खर्चिलो निर्वाचन पद्धतिमा सुधार गर्नुपर्ने,
- सार्वजनिक निकायमा हुने भ्रष्टाचार नियन्त्रणमा उक्त निकायका प्रमुखलाई उत्तरदायी बनाउने,
- अनुचित कार्यलाई छानबिन, अनुसन्धान तथा कारबाहीको दायरामा ल्याई नियन्त्रण गर्ने,
- प्रदेश तथा स्थानीय तहका कानुनहरूको सुदृढीकरण गर्ने,
- सार्वजनिक क्षेत्रको सदाचारिता तथा नैतिक आचरणको विचलनलाई रोक्न संघीय शासन प्रणाली अनुरूप तीनै तह समेटिने गरी **राष्ट्रिय सदाचार नीति** तर्जुमा गरी लागू गर्ने।

**राजस्व चुहावट नियन्त्रणलगायत सार्वजनिक वित्तीय क्षेत्रसम्बन्धी**

- राजस्व चुहावट नियन्त्रण गर्ने, कर छुट र मिनाहा दिने प्रवृत्ति बन्द गर्ने,
- कार्यक्रम सञ्चालन गर्दा सार्वजनिक कोषको सदुपयोग गर्ने तथा औचित्यपूर्ण अनुगमन र नियन्त्रण गर्ने व्यवस्था मिलाउने,
- निकासी/पैठारी मापदण्ड तथा कारोबारको अभिलेखांकन व्यवस्थित गरी कारोबारलाई सूचना प्रविधिमैत्री बनाउने,

**सार्वजनिक सेवाप्रवाह र सेवाग्राही सरोकारका विषयसम्बन्धी**

- स्थानीय तहको संस्थागत सुदृढीकरण तथा स्थानीय सुशासन प्रवर्द्धन गर्ने,
- सेवामा प्रभावकारिता, कर्मचारीमा मनोबल र उत्पादकत्व वृद्धि गर्ने,
- विद्युतीय शासनको अधिकतम अभ्यास गरी सुशासन प्रवर्द्धन गर्ने,
- उपभोक्ता हित प्रतिकूल हुने गतिविधिहरू नियन्त्रण गर्ने,
- सामाजिक सुरक्षा भत्ताको दुरुपयोग रोक्न लाभग्राहीको पहिचानसहित अद्यावधिक अभिलेख निर्माण गर्ने,
- वैदेशिक रोजगारीलाई मर्यादित, सुरक्षित र उत्पादनमूलक बनाउने,
- तीनै तहका सार्वजनिक खरिदमा संलग्न जनशक्तिहरूको क्षमता विकास गर्ने,
- पर्याप्त अध्ययन/विश्लेषण गरी वैज्ञानिक आधारमा समयावधि निर्धारण गरी बोलपत्र आव्हान गर्ने व्यवस्था मिलाउने,

**सार्वजनिक खरिद तथा आयोजना/कार्यक्रम व्यवस्थापनसम्बन्धी**

- बोलपत्र आह्वान गर्नुअघि आवश्यक पूर्व तयारी जस्तैः स्रोतको सुनिश्चितता, बहुवर्षीय/वार्षिक खरिद योजनाको स्वीकृति, निर्माणस्थलको सुनिश्चितता (Site Clearance), वातावरणीय अध्ययन लगायतका कार्य सम्पन्न गर्नुपर्ने व्यवस्था मिलाउने,
- ठेक्का सम्झौतामा सम्बन्धित निकाय/पदाधिकारीहरू नै पूर्णरूपमा जिम्मेवार एवं जवाफदेही हुने व्यवस्था मिलाउने,
- खरिद प्रक्रियामा प्रतिस्पर्धा सीमित गर्ने वा लक्षित बोलपत्रदातालाई मात्र फाइदा पुग्ने गलत अभ्यासलाई नियन्त्रण गर्ने व्यवस्था मिलाउने,
- ऐनमा भएको विशेष परिस्थितिमा खरिद गर्ने व्यवस्थाको अपव्याख्या एवं दुरुपयोग गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न नेपाल सरकारबाट वस्तुपरक कार्यविधि/निर्देशिका निर्माण गरी प्रचलनमा ल्याउने।

- उपभोक्ता समितिबाट हुने निर्माण कार्यलाई व्यवस्थित गर्न उपभोक्ता समितिको गठन, परिचालन एवं व्यवस्थापनसम्बन्धी कार्यविधि बनाई लागू गर्ने ।
- परामर्शदाताको बदनियत वा त्रुटिका कारण खरिदमा हुने हानि नोक्सानीमा उक्त परामर्शदातालाई जिम्मेवार बनाउनका लागि जेजति क्षति हुन्छ, सोको क्षतिपूर्ति उक्त परामर्शदाताबाटै भराउने व्यवस्था मिलाउने।
- खरिद सम्झौताको प्रावधानमा नै गुणस्तर सुनिश्चित योजना (Quality Assurance Plan) स्पष्ट उल्लेख गर्ने र योजनाको फरफारक गर्नुअघि गुणस्तर सुनिश्चितता अनिवार्यरूपमा गर्नुपर्ने व्यवस्था मिलाउने।
- प्रदेश सरकार, स्थानीय तह तथा अन्य सार्वजनिक निकायहरूले सार्वजनिक निजी साझेदारी अन्तर्गत योजना कार्यान्वयन गर्दा सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन र नीतिबमोजिम योजनाको सम्भाव्यता अध्ययन तथा सार्वजनिकरूपमा आशयको प्रस्ताव माग गर्ने लगायतका प्रक्रियाहरू अवलम्बन गरेर मात्रै योजना कार्यान्वयन गर्ने ।
- भूमि व्यवस्थापन तथा अभिलेखांकन अन्तर्गत भू-सूचना प्रणालीको प्रयोग बढाउने, सरकारी र सार्वजनिक जग्गाको अभिलेख व्यवस्थित गर्ने, हदबन्दीभन्दा बढी जग्गा सरकार मातहतमा ल्याउने तथा सरकारी जग्गा भाडामा वा लिजमा दिने आधार/सूचकसहितको पारदर्शी मापदण्ड बनाउने,
- वन क्षेत्र व्यवस्थापन गर्ने, अतिक्रमण रोक्ने तथा दोहन, कटान र तस्करी नियन्त्रण गर्ने तथा वनक्षेत्रभित्र अनुमतिपश्चात मात्र निर्माण कार्य गर्ने,
- कृषि अनुदान सदुपयोगका लागि कृषक पहिचान, अनुदानग्राही वर्गीकरण र भुक्तानी प्रणाली सुधार गर्ने ।

**शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षासम्बन्धी**

- महामारी पूर्वानुमान गरी सो बमोजिम स्वास्थ्य सेवा प्रदान गर्न सक्ने गरी जनशक्ति, पूर्वाधार, औषधी, उपचार र उपकरण तथा सरकारी अनुदान र सहुलियतपूर्ण उपचार कोष लगायतको उचित व्यवस्थापन गर्ने,
- निजी तथा सामुदायिक अस्पतालहरूको सेवा सुलभ र प्रभावकारी बनाउने, व्यावहारिक अनुगमन प्रणाली बनाई कमजोरी देखिएमा कारबाहीको दायरामा ल्याउने तथा स्वास्थ्य मापदण्डको पालना गर्ने गराउने,
- प्रतिस्पर्धा र आवश्यकताको आधारमा मात्र शिक्षक भर्ना गर्ने, नक्कली प्रमाणपत्रहरूको प्रयोगबाट सरकारी हानि नोक्सानी हुन नदिन आवश्यक व्यवस्था गर्ने साथै दुर्गममा समेत शैक्षिक सत्रको सुरुवाती समयमै पाठ्यपुस्तक उपलब्ध गराउने ।

**सञ्चार, सूचना प्रविधि र पर्यटनसम्बन्धी**

- दूरसञ्चार सेवाको विस्तार, प्रविधि खरिद र व्यवस्थापनमा पारदर्शिता, स्वच्छता र प्रतिस्पर्धा कायम गर्ने,
- सूचना प्रविधिको पहुँच सुनिश्चित गर्ने गरी सार्वजनिक सेवा प्रवाहमा सूचना प्रविधि र सञ्चार सेवाको सदुपयोग बढाउने,
- हुलाक सेवालाई समयानुकूल परिमार्जन गरी प्रतिस्पर्धात्मक र विश्वसनीय बनाउने,

- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निजी कुरियर सेवा प्रदायकहरूको नियमन प्रभावकारी बनाई यस्ता कारोबारहरूलाई करको दायरामा ल्याउने,
- क्यासिनो व्यवसाय सञ्चालन अनुमति, नवीकरण र हरेक क्यासिनो खेलसम्बद्ध कारोबारमा सरकारले प्राप्त गर्नुपर्ने राजस्व छली रोक्न निगरानी प्रणाली र प्रविधिको विकास गरी कार्यान्वयनमा ल्याउने।
- पर्यटकीय होटल, रेस्टुरेन्ट तथा आवास गृहहरूको सेवा र उत्पादनमा निश्चित गुणस्तर कायम गर्न मापदण्ड निर्माण गरी कार्यान्वयन गर्ने तथा सोको कडाइका साथ पालना गर्ने व्यवस्था मिलाउने,
- मुलुकमा आवश्यक आन्तरिक तथा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणस्थानहरू यकिन गर्न राष्ट्रिय रणनीतिक योजना बनाएर मात्र विमानस्थल निर्माण तथा स्तरोन्नतिका कार्यक्रमहरूको सञ्चालन गर्ने व्यवस्था मिलाउने,
- विमानस्थल निर्माण/मर्मत कार्यको ठेक्काको स्पेसिफिकेसन, लागत अनुमान तथा मूल्यांकनमा कानुनको पालना तथा पारदर्शिता कायम गर्न मन्त्रालयले उत्तरदायित्व बहन गर्न यस्ता प्रक्रियाहरूलाई स्वच्छ, वस्तुगत र प्रतिस्पर्धी बनाउन आवश्यक निगरानी र सुपरीवेक्षणको व्यवस्था मिलाउने,
- विमान र विमानका औजार-उपकरण खरिदसम्बन्धी मौजुदा कानुन र खरिद अभ्यासहरूमा परिमार्जन गरी दुरुपयोग र अनियमितता हुन नदिने पर्याप्त नियन्त्रण र सन्तुलनका व्यवस्था मिलाउने,
- महामारीको समयमा समेत मौकाको फाइदा उठाई अन्तर्राष्ट्रिय उडान अनुमति र टिकट बिक्री वितरणमा हुने मिलेमतो तथा अनियमितता अन्त्य गर्न मापदण्ड र आचारसंहिता बनाई कडाइका साथ कार्यान्वयनमा ल्याउने,
- नेपाल वायुसेवा निगमको सेवालाई गुणस्तरीय, विश्वसनीय, भरपर्दो र अनुमानयोग्य बनाउन नियमित उडान, दक्ष जनशक्तिको विकास, टिकट बिक्री प्रणालीमा सुधारलगायत समग्र व्यवस्थापन कुशलता कायम गर्ने,

**विविध विषयसम्बन्धी**

- प्रहरी सेवालाई सक्षम, स्वच्छ, विश्वसनीय र आकर्षक सेवामा रूपान्तरण गर्ने,
- सुरक्षा निकायका कल्याणकारी कोषलाई कर्मचारी परिवारको हित तथा कल्याणका कार्यमा मात्र परिचालन गर्ने र कोषको दुरुपयोग नियन्त्रण गर्ने व्यवस्थाका लागि कानुन तथा कार्यविधिमा आवश्यक सुधार गरी लागू गर्ने,
- सहकारी क्षेत्रमा टाठाबाठा प्रभुत्व वर्गको नियन्त्रण, लगानी जोखिम, सम्पत्ति शुद्धीकरण, अनुत्पादक क्षेत्रमा बढ्दो लगानी जस्ता विकृति नियन्त्रण गर्न नियामक निकायलाई सक्षम र स्वायत्त बनाउने,
- सरकारी अभिलेख व्यवस्थापन प्रणालीमा सुधार गर्ने।

प्रवक्ता

नारायण प्रसाद रिसाल